**स्थानीय राजपत्र**

**केरावारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ६ संख्या ,१२ ,१२ भाद्र २०७९**

# भाग-२

# केराबारी गाउँपालिकाको मर्मत, सम्भार तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७९

**स्वीकृत मिति २०७९।०४।३१**

**प्रमाणिकरण मितिः २०७९।०५।१२**

**प्रस्तावना :** गाउँपालिकाले सडक, पुल पुलेसा, ढल, खानेपानी, सिँचाइ जस्ता भौतिक पूर्वाधारहरू नियमित रुपमा निर्माण गरिरहेका हुन्छन् । यस्ता पूर्वाधारका आयोजनाहरुलाई दिगो रुपमा सञ्चालनमा ल्याउनका लागि नियमित रुपमा मर्मत सम्भार गर्नु अपरिहार्य हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ६

को बुँदा नं. १ देखि ५ सम्ममा पनि गाउँपालिका तथा नगरपालिकाले स्थानीय ग्रामीण तथा कृषि सडक, पुलेसा, सिँचाइ र तटबन्ध तथा यातायात सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति, अनुगमन तथा नियमन र यससँग सम्बन्धित अन्य कार्यहरु गर्नुपर्ने भनी उल्लेख गरेको छ । गाउँपालिका तथा नगरपालिकाले गर्नुपर्ने मर्मत सम्भार कार्यको लागि कार्यविधि तयार गरी कार्यक्रम गर्दा समेत सम्भार गर्ने कार्य व्यवस्थित तथा विधि सङ्गत ढङ्गले सञ्चालन भई सम्पन्न हुने हुदा केराबारी गाउँपालिकाको पनि सडक, पुल पुलेसा, ढल, सिँचाइ, खानेपानी लगायतका भौतिक पूर्वाधारका संरचनाहरुलाई आवश्यकता अनुसार मर्मत गरी दीर्घकालसम्म सञ्चालनमा ल्याउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) मा उल्लेख भए बमोजिमको अधिकार प्रयोग गरी केराबारी गाउँपालिकाले मर्मत् सम्भार सञ्चालन कार्यविधि, २०७९ तयार गरिएको छ ।

## परिच्छेद : एक

## सक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधिको नाम "**केराबारी गाउँपालिकाको मर्मत, सम्भार तथा सञ्चालन कार्यविधि, २०७९**" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "**अध्यक्ष**" भन्नाले केराबारी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ख. "**आर्थिक वर्ष**" भन्नाले श्रावण १ गतेबाट शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

ग. "**उपाध्यक्ष**" भन्नाले केराबारी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ. "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ङ. "**कार्यपालिका**" भन्नाले केराबारी कार्यपालिकालाई सम्झनु पर्दछ ।

च. "**कोष**" भन्नाले केराबारी गाउँपालिकासँग मर्मत सम्भार शीर्षकमा रहेको रकमलाई सम्झनु पर्दछ।

छ. "**गाउँपालिका**" भन्नाले केराबारी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ज. "**पूर्वाधार**" भन्नाले सडक, ढल, सडक पेटी, पुल, पुलेसा, नहर, कुलो, सार्वजनिक पार्क, रङ्गशाला, ल्याण्डफिल्ड क्षेत्र, सार्वजनिक शौचालय, सांस्कृतिक सम्पदाहरु आदिलाई सम्झनु पर्दछ ।

झ. "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले ऐनको दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनु पर्दछ ।

ञ. "**मन्त्रालय**" भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ ।

ट. "**मर्मत सम्भार**" भन्नाले पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार गर्ने कार्य भन्ने सम्झनु पर्दछ ।

ठ. "**संयोजक**" भन्नाले मर्मत सम्भार कार्यको लागि यस कार्यविधि बमोजिम गठन गरिएको समितिका संयोजकलाई सम्झनु पर्दछ ।

ड. "**समिति**" भन्नाले मर्मत सम्भार कार्यको लागि यस कार्यविधि बमोजिम गठन गरिएको समिति सम्झनु पर्दछ ।

## परिच्छेद : दुई
## कार्यविधिको उदेश्य तथा कानूनी आधारहरु

**३. कार्यविधिको उद्देश्य :-** यस कार्यविधिको प्रमुख उद्देश्य गाउँपालिका भित्र रहेका सडक, बाटो, नहर, कुलो, पुल पुलेसा, ढल, खानेपानी लगायतका पूर्वाधारहरुको नियमित रुपमा व्यवस्थित तवरले मर्मत सम्भार गर्ने प्रणालीको विकास गर्नु रहेको छ । साथै, नियमित रुपमा मर्मत गरिनु पर्ने पूर्वाधारहरुको पहिचान गर्न सो अनुसार योजना तर्जुमा गर्न, नियमित रुपमा गरिने खर्चको नियन्त्रण गर्न, लागत अनुमानमा एकरुपता कायम गर्न र गाउँपालिका भित्र मर्मत गर्नु पर्ने र नपर्ने पूर्वाधारहरुको विवरण बनाई गाउपालिकाको काम कारबाहीमा एकरुपता कायम गर्न नै यसको मूल उद्देश्य भए तापनि यस बाहेकका अन्य उद्देश्यहरु तपसिलमा उल्लेख गरिए अनुसारका छन् ।

क. सडक, खानेपानी, ढल लगायतका अन्य पूर्वाधारहरुको मर्मत सम्भारका लागि प्राप्त हुने श्रोत र साधनहरुको व्यवस्थित रुपले सञ्चालन गर्ने,

ख. उपभोक्ता समिति, सरकारी तथा गैर सरकारी निकायहरुबाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय जनसमुदायको अपनत्व वृद्धि गर्ने,

ग. स्थानीय उपभोक्ताहरूलाई सम्पन्न तथा निर्माणाधीन योजना तथा आयोजनाहरुमा हाम्रो, हामीले र हाम्रा लागि भन्ने भावना जागृत गराउने,

घ. वार्षिक रुपमा मर्मत सम्भार गर्नु पर्ने सडक लगायतका अन्य पूर्वाधारहरुको विवरण तयार पारी मर्मत सम्भार सम्बन्धी कार्यक्रम तयार पार्ने,

ङ. पुराना योजनाहरुलाई बिचमै रोकेर नयाँ योजना माग गर्ने प्रक्रियालाई निरुत्साहित पार्ने,

च. स-साना मर्मत सम्भार तथा आयोजनाहरुबाट निरन्तर लाभ लिने क्षमताको विकास स्थानीय उपभोक्तामा गराउने,

छ. स-साना आयोजना तथा योजनाका लागि पनि दाता खोज्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै जाने,

ज. आयोजनाहरु सम्पन्न भएपछि दिगोपना कायम राख्ने ।

## परिच्छेद : तीन

## मर्मत सम्भार सम्बन्धी नीति तथा कार्यनीतिहरु

४. **नीति :-** गाउँपालिका क्षेत्र भित्र गाउँपालिका स्वयंले र सरकारी तथा गैर सरकारी निकायहरुबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरु लगायत सार्वजनिक सेवा सम्बन्धी काम कारबाही सञ्चालन गर्दा सकेसम्म गाउँपालिका क्षेत्रका सबै पूर्वाधारका साथै सार्वजनिक सडक, पुल, पुलेसा, कुलो तथा नहर लगायतका संरचनाहरुको स्थायी र दिगोपनका लागि आवश्यक मर्मत सम्भार कार्य गर्न गाउँपालिकाले अनुकूल वातावरण तयार गर्ने नीति अवलम्बन गर्नेछ ।

**५. कार्यनीति :-** यस कार्यविधिको नीति कार्यान्वयन गर्नका लागि गाउँपालिकाबाट देहाय अनुसारका कार्यनीतिहरु अबलम्बन गरिनेछ ।

क. मर्मत सम्भार कार्य सम्भव भएसम्म श्रम प्रदान वा कामदारहरु सोझै परिचालन गरी वा उपभोक्ता समितिको माध्यमबाट वा ठेक्कापट्टाबाट गराउने ।

ख. मर्मत सम्भार कार्य भरसक श्रममूलक स्थानीय नेतृत्व हुने गरी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागीतात्मक प्रक्रियाबाट सञ्चालन गर्ने ।

ग. सम्भव भएसम्म स्थानीय नागरिकहरुको ज्ञान, सीप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

घ. प्रत्येक वर्ष मर्मत सम्भारका कार्यहरुको लागि सम्भव भएसम्म आवश्यक सूचि तयार गरी सम्भाव्य क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सुचारु गर्नु पर्ने जस्ता कुराहरूलाई बढी ध्यान दिई यस किसिमको कार्यलाई सहज तथा सरल बनाउने ।

ङ. सडक, पुल, पुलेसा, कुलो तथा नहर लगायतका पूर्वाधारहरूको निर्माण कार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका जनता, उपभोक्ता समितिलाई गाउँपालिको आवश्यक पहलमा मर्मत सम्भार कार्य सहितको जिम्मेवारी क्रमशः दिँदै जाने ।

च. गाउँपालिका क्षेत्र भित्र निर्माण कार्य सम्पन्न भएका निर्माणाधीन अवस्थाका पूर्वाधारहरूको उचित

मर्मत सम्भार सहित दिगो उपयोगिताको लागि गाउँपालिकाको आफ्नै श्रोत, नेपाल सरकारको अनुदान अन्तर्गत पूर्वाधार क्षेत्रका लागि वार्षिक रुपमा विनियोजित रकमको निश्चित प्रतिशत रकम मर्मत सम्भारको लागि उपयोग गर्ने ।

छ. मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी गाउँपालिकाले उपभोक्ता समितिलाई हस्तान्तरण गर्दै जाने।

ज. मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यविधि कार्यान्वयनका लागि गाउँपालिका, गाउँपालिकावासी तथा उपभोक्ता समितिहरूले समय समयमा बैठक बसी देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

## परिच्छेद : चार
## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

६. **कोषको स्थापना :-** गाँउपालिकामा मर्मत सम्भार सम्बन्धी कार्यको लागि देहाय बमोजिमको कोषको व्यवस्था हुनेछ ।

क. गाउँपालिकामा मर्मत सम्भार सम्बन्धी कार्यको लागि छुट्टै शीर्षक (कोष) रहनेछ । उक्त शीर्षकमा देहाय अनुसारका रकमहरू रहनेछन् ।

१. प्रत्येक आर्थिक वर्षमा गाउँ सभाले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट विनियोजन गरेको रकम,

२. उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको हकमा लागत अनुमानको एक प्रतिशतले कट्टा गर्दा हुन आउने रकम,

३. कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

४. गाउँसभाको स्वीकृतिमा प्राप्त अन्य रकम,

५. सडक बोर्ड नेपालबाट तोकिएको सडकलाई विनियोजित रकम

६. नेपाल सरकारबाट बिनियोजित रकम,

७. गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीबाट प्राप्त सेवा शुल्क ।

८. अन्य विविध श्रोतबाट प्राप्त रकम ।

ख. गाउँपालिकाबाट सञ्चालन हुने भौतिक निर्माणसँग सम्बन्धित कार्यक्रमहरूको लागी विनियोजित रकमको आधारमा मर्मत सम्भारको लागी रकमको व्यवस्था गरिने छ ।

**७. कोषको प्रयोग :-** यस कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछ ।

क. दफा ९ बमोजिमको सिफारिसमा दफा १६ बमोजिमका मर्मत सम्भार योजनाहरुको को कार्य गर्न गराउन,

ख. सार्वजनिक बाटो, पुल, पुलेसा, ढल, सिँचाइ, खानेपानी जस्ता भौतिक पूर्वाधार प्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व बोध बारे जनचेतना अभिवृद्धि गर्न गराउन,

ग. मर्मत सम्भार सम्बन्धी काम गर्ने संस्थाहरू बिच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरिवेक्षण र अनुगमन गर्न,

घ. सामाजिक सचेतना तथा सहभागितामूलक कार्यक्रम सञ्चालन गर्न ।

८. **नपुग रकमको व्यवस्था :-** योजना सञ्चालन गर्न रकम अभाव भई सञ्चालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा समितिले औचित्य हेरी नपुग रकमका लागि गाउँपालिकामा आवश्यक व्यवस्थाका लागि प्राविधिकको सिफारिस सहित पेश गर्नु पर्नेछ ।

## परिच्छेद : पाँच
## मर्मत योजना छनोट समिति

९. **मर्मत योजना छनौट समितिको गठन :-** केराबारी गाउँपालिकामा मर्मत सम्भार कार्य व्यवस्थित रुपमा कार्यान्वयन गर्न तथा कोष व्यवस्थापन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरु संयोजक तथा सदस्य रहने गरी एक समितिको गठन गरिनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - संयोजक |
| गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| वातावरण तथा विपद समितिको संयोजक | - सदस्य |
| पुर्वाधार विकास समितिको संयोजक | - सदस्य |
| प्रमुख, प्राविधिक शाखा | - सदस्य |

प्रमुख, योजना शाखा - सदस्य सचिव

समितिको नियमित बैठकमा कामसँग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

**१०. समितिको काम कर्तव्य र अधिकार**

क. आगामी आर्थिक वर्षमा गाउँपालिका क्षेत्रभित्र मर्मत गरिनु पर्ने भौतिक संरचनाहरुको लागत सहितको विवरण सङ्कलन गरी गाउँपालिकामा पेश गर्ने ।

ख. चालु आर्थिक वर्षमा आकस्मिक रुपमा मर्मत गरिनु पर्ने पूर्वाधारहरुको छनोट गरि नियमित रुपमा मर्मत योजनाको विवरण तयार गरि गाँउ कार्यपालिकामा पेश गर्ने ।

ग. प्रत्येक चौमासिकमा कोषमा जम्मा भएको तथा खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्ने गराउने ।

घ. पूर्वाधारहरूको मर्मत सम्भार कार्य उपभोक्ता समिति वा सोझैं कामदार मार्फत वा ठेक्का मार्फत कसरी गर्ने गराउने भन्ने विषयमा निर्णय गर्ने ।

ङ. समितिले उपभोक्ता समिति मार्फत मर्मत सम्भारको कार्य गराउँदा उपभोक्तासँग लागत सहभागिताको विधि र प्रक्रियालाई समेत जोड दिने ।

**११. समितिको बैठक :-** समितिको बैठक सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ;

क. सामान्यतया समितिको बैठक चौमासिक रुपमा र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

ख. समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले बोलाउनेछ ।

ग. सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबिस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

घ. कुल सदस्य सङ्ख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

ङ. आकस्मिक रुपमा बैठक बस्नुपर्ने अवस्था भएमा संयोजकले जुनसुकै बेला पनि बैठक बोलाइ कम्तीमा एक जना सदस्य र सदस्य सचिव सहितको उपस्थितिमा आवश्यक निर्णय लिन सक्नेछ तर यस किसिमको बैठकबाट भएको निर्णयहरुलाई पछिल्लो बैठकमा पेस गरी अनुमोदन गर्नु पर्नेछ ।

च. समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

१२. **बैठकको निर्णय :-** बैठकको निर्णय सामान्यतया सर्वसम्मत रुपमा गर्नुपर्दछ । सर्वसम्मत निर्णय हुन नसकेमा कुल सदस्य सङ्ख्याको बहुमतको निर्णयलाई समितिको निर्णयको रुपमा

मान्नुपर्नेछ । मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

## परिच्छेद : छ

## मर्मत योजनाको तर्जुमा तथा कार्यान्वयन

१३. **योजनाको तर्जुमा तथा कार्यान्वयन :-** गाउँपालिकाले अत्यावस्यक बाहेक सम्भव भएसम्म सहभागितात्मक प्रक्रियाबाट मर्मत सम्भार योजनाहरु तर्जुमा तथा कार्यान्वयन गर्नु पर्दछ । जसको प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क. समितिबाट योजना छनोट,

ख. प्रारम्भिक लागत अनुमान र प्राथमिकिकरण,

ग. समितिबाट मर्मत कार्यको विधि निर्धारण,

घ. लागत अनुमानको स्वीकृति र योजना सम्झौता,

ङ. योजना कार्यान्वयन,

च. अनुगमन तथा मूल्याङ्कन,

छ. कार्य सम्पन्न प्रतिवेदन,

ज. भुक्तानी,

झ. समीक्षा ।

## परिच्छेद : सात

## मर्मत सम्भार सम्बन्धी व्यवस्था

१४. **मर्मत सम्भारका प्रकार :-** गाउँपालिकामा यस कार्यविधि अनुसार देहाय बमोजिमका मर्मत सम्भारका प्रकार हुनेछन् ।

क. नियमित मर्मत सम्भार,

ख. पटके मर्मत सम्भार,

ग. आवधिक मर्मत सम्भार,

घ. आकस्मिक मर्मत सम्भार,

ङ. रोकथाम मूलक मर्मत सम्भार,

च. विशेष मर्मत सम्भार ।

१५. **प्राथमिकता क्रम :-** मर्मत सम्भार कार्यको प्राथमिकता तोक्ने काम समितिले प्राप्त तथ्याङ्क र वस्तुस्थितिका आधारमा गर्ने भएता पनि साधरणतया उपलब्ध साधन र श्रोत समेतलाई ध्यान दिंदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्य सञ्चालन गरिने छ ।

क. आकस्मिक मर्मत सम्भार,

ख. नियमित मर्मत सम्भार,

ग. पटके मर्मत सम्भार,

घ. आवधिक मर्मत सम्भार,

ङ. रोकथाम मूलक मर्मत सम्भार

च. विशेष मर्मत सम्भार

## परिच्छेद : आठ

## अनुगमन तथा मुल्याङक्न

१६. **अनुगमन तथा मूल्याङ्कन** :- गाउँपालिकाको मर्मत सम्भार कोष परिचालनका सन्दर्भमा अनुगमन तथा मूल्याङ्कन व्यवस्था देहाय अनुसार गरिनेछ ।

क. गाउँपालिकाको अनुगमन समितिले यस कोषबाट सञ्चालन भएका योजनाहरुको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्दा समितिसँग समन्वय गरी गर्नेछ ।

ख. गाँउपालिकाले योजना सञ्चालन भई कार्यान्वयन भएकोमा प्राविधिक मूल्याङ्कनका आधारमा वा

कार्य प्रगतिको आधारमा भुक्तानी दिन सकिनेछ ।

## परिच्छेद : नौ

## विविध

१७. **विवरण सार्वजनिक गर्नुपर्ने :-** मर्मत सम्भार सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

१८. **लेखा र लेखापरिक्षण :-** मर्मत कोषको लेखा गाउँपालिकाले प्रचलित संघिय कानून बमोजिम राख्नुपर्ने हुन्छ । साथै मर्मत कोषबाट भएको आय व्ययको आन्तरिक र अन्तिम लेखापरिक्षण गाउँपालिकाको लेखापरिक्षण सगै हुनेछ ।

१९. **संशोधन गर्न सक्ने :-** यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधिभित्र रही गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

२०. **कानून बमोजिम हुने** :- कार्यविधिमा लेखिएका कुराहरु नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र तत् सम्बन्धी नियमावली तथा अन्य प्रचलित कानूनसँग बाझीएको हदसम्म स्वत: निष्कृय हुनेछ ।

आज्ञाले,
सुदर्शन दाहाल
प्रमुख प्रशासकीय अधिकृत